फालेलुङ गाउँपालिका

# फालेलुङ राजपत्र

फालेलुङ गाउँपालिकाबाट प्रकाशित

खण्डः ८) थकेपुङ, पाँचथर, असार १८ गते, २०८२ साल (संख्याः ४

**भाग-१**

**फालेलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, थकेपुङ, पाँचथर**

फालेलुङ गाउँपालिका शिक्षा (पहिलो संसोधन) ऐन,२०८२

**<u>फालेलुङ गाउँपालिकाको शिक्षा (पहिलो संसोधन) ऐन, २०८२</u>**

**<u>प्रस्तावना</u>ः** फालेलुङ गाउँपालिकाको शिक्षा ऐन, २०७५ लाई संसोधन गर्न वाञ्छनीय भएकोले फालेलुङ गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ ।

(१) **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो ऐनको नाम "फालेलुङ गाउँपालिका शिक्षा (पहिलो संसोधन) ऐन,२०८२" रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट पारित भई राजपत्रमा प्रकाशन भएको मितिदेखी लागु हुनेछ ।

**(२) <u>फालेलुङ गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा १६ मा थप संसोधनः</u>** मुल ऐनको दफा (१६) मा उल्लेखित व्यवस्थाको अतिरिक्त देहायको उपदफा १६(क) थपिएको छ।

१६(क) फालेलुङ गाउँपालिका भित्रका सम्पूर्ण जनप्रतिनिधिहरू, पालिकामा कार्यरत राज्यकोषबाट कुनै प्रकारको सेवा सुविधा लिने व्यक्ति, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरूले आफ्ना सन्तानलाई अनिवार्य रूपमा सरकारी विद्यालयमा पठनपाठन्/अध्यापन गर्नु गराउनु पर्नेछ । अन्यथा राज्यकोषबाट सेवा सुविधा लिने व्यक्तिको हकमा मासिक सेवा सुविधाको १०(दश) प्रतिशत रकम जरिवाना वापत कट्टा गरी आन्तरिक राजश्व खालमा दाखिला गरिनेछ र अन्य समिति/संघको हकमा पदाधिकारी हुन अयोग्य ठहरिनेछ ।